4

# बर्तमान विषय समितिका अनुभवहरू

# Experiences of Present Subject Committees

चिकित्सक र नर्स बाहेकका स्वास्थ्य व्यवसायीहरुको सेवालाई व्यवस्थित एवं वैज्ञानिक ढंगले परिचालन गर्न नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन २०५३ लागु भए पछि अन्य स्वास्थ्य व्यवसायीहरुको सेवा पनि व्यवस्थित एंव प्रभावकारी बनाउने संयन्त्र गठन भयो । परिषद गठनको लागी अनवरत सांगठानिक प्रयास गर्ने नेपाल स्वास्थ्य प्राविधिक संघ, तात्कालिन नेतृत्व र अग्रज स्वास्थ्यकर्मीहरुको योगदानलाई इतिहासले सधै सम्झिरहनेछ । बिचमा नेपाल फार्मेसी परिषद र नेपाल आयुर्वेद चिकित्सा परिषद पनि गठन भएका छन् । यद्यपी ने.स्वा.व्य.परिषद भित्र सबै विषयगत स्वास्थ्य समूहरु पर्दछन् । परिषदका बर्तमान विषय समितिहरुको अनुभवहरु यस प्रकारछन् ।

## सामान्य चिकित्सा विषय समिति

सामान्य चिकित्सा विषयगत समितिबाट सामान्य चिकित्सा प्रविणता प्रमाण- पत्र तह (हे.अ.), सामुदायिक स्वास्थ्य (सि.एम.ए.) र टेक्निकल एस एल सी सामान्य चिकित्सा विषय पढेर सम्बन्धित विषयको पेशामा संलग्न हुनु अगाडी यस विषयगत समितिबाट तोकिएको नियमानुसार नेपाल स्वास्थ्य व्यवसायी परिषद् दर्ता भई सम्बन्धित पेशामा संलग्न हुन प्रमाण पत्र दिन नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन २०५३ अन्तरगतको समिति गठन भएको छ ।

यो समिति विगत झण्डै २ बर्ष सम्म पूर्णता नरहेको अवस्थामा मिति २०६४/४/२८ पछि सामान्य चिकित्सा विषयगत समितिको पूर्णता प्राप्त भएपछि समितिले २ वर्ष देखि स्थगित भएका कार्यहरुको द्रुतगतिमा कार्यान्वयन गरेको छ यसरी यो २ वर्ष अवधिमा गरिएका अनुभवहरु

- परिषद्मा दर्ता हुन आउने केही स्वास्थ्यकर्मीहरु दर्ता गर्न आवश्यक पर्ने कागजातहरु के के समावेश गरी फाइलमा पेश गर्ने भन्ने विषयमा जानकारी नभएको
- केही व्यक्तिले सेवाकालिन तालिम (OJT) केन्द्रीय अस्पतालहरुमा र केहीले उपस्वास्थ्य चौकिमा लिएको ।
- सेवाकालिन तालिमको प्रमाणित निमित्त प्रमुखले गर्ने गरेको पाइयो ।
- मिति २०६४/४/२८ देखि ०६६ बैसाख मसान्त सम्म सामान्य चिकित्सा विषय समितिले हे.अ. ८४९, अ.हेव. ९५५१ फाइल मूल्याङ्कन गरि काउन्सिलमा सिफारिस गरिएको ।
- यो समितिले परिषद् दर्ता प्रकृयामा नागरिकता र सम्बन्धित विषयको प्रमाण पत्रका प्रतिलिपी समावेश गरेपछि दर्ता प्रमाणपत्र दिने प्रचलित चुस्त दुरुस्त छिटो छरितो प्रकृया हुने देखिन्छ ।

## जनस्वास्थ्य विषय समिति

नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन २०५३ अनुसार स्थापना भएको यस परिषदको पहिलो बैठक २०५४ साल भाद्र १२ गते बसेको थियो तापनि नेपाल स्वास्थ्य व्यवसायी परिषद नियमावली २०५६ नेपाल राजपत्रमा २०५६ साउन २७ गते प्रकाशित भएकोले यस नियमावलीको परिच्छेद ३ दफा १२ मा उल्लेखित विभिन्न ६ विषय समिति मध्येको यस जनस्वास्थ्य विषय समिति मिति २०५५/८/१८ मा गठन भयो ।

परिषदमा जनस्वास्थ्य विषयको नाम दर्ता गर्न सिफारिस गर्नको लागि पहिलो पटक २०५६ साल फागुन २४ गते जनस्वास्थ्य विषय समितिको बैठक बसी उक्त विषयमा नाम दर्ता हुने स्वास्थ्य व्यवसायीको नाम दर्ता गर्न सिफारिश गरे अनुसार नेपाल स्वास्थ्य व्यवसायी परिषदको मिति २०५६/११/२९ बैठकबाट नाम दर्ता निर्णय गरे अनुसार यस विषयमा स्वास्थ्य व्यवसायीको रुपमा नाम दर्ता सम्बन्धी काम शुरु गरेको पाईन्छ । यसै क्रममा जनस्वास्थ्य विषयको प्रथम तहमा २२७, स्वास्थ्य शिक्षा प्रथम तहमा ३५ जना र स्वास्थ्य शिक्षा द्वितिय तह मा ८ जना गरी यस विषय समिति अन्तर्गत नाम दर्ता गरी प्रमाण पत्र प्राप्त गरेका स्वास्थ्य व्यवसायीहरु हालसम्म २७० छन् ।

नेपाल स्वास्थ्य व्यवसायी परिषद २०५३ को दफा ४(च) बमोजिमको सदस्य छान्नको लागि २०५७ साल असार महिना र २०६० सालको असार महिनामा गरी २ पटक निर्वाचन भएको थियो र सो निर्वाचनबाट श्री रामप्रसाद भण्डारी र श्री परशुराम श्रेष्ठ क्रमशः सदस्य चुनिनु भई वहाँहरुकै संयोजकत्वमा जनस्वास्थ्य विषय समिति गठन भै कार्य संचालन गर्दै आएको थियो (समिति बनोटको विवरण यसै स्मारिका को यथास्थानमा उल्लेख गरिएको छ ) । यस विषय समितिले नाम दर्ताको लागि आवेदन दिने व्यक्तिहरुको फाइल अध्ययन गरेर नाम दर्ता गरी प्रमाण पत्र दिन सिफारिस गर्ने कामको साथै जनस्वास्थ्य शिक्षाको गुणस्तर बृद्धि र जनस्वास्थ्य सेवामा गुणस्तरियता कायम गर्ने अन्य आवश्यक कार्यहरु पनि गरेको पाइन्छ ।

यस जनस्वास्थ्य विषय समितिले नेपाल स्वास्थ्य व्यवसायी परिषदको २०६० चैत्र १ गतेको निर्णयले निर्देशन गरे बमोजिम जनस्वास्थ्य शिक्षाको स्तरियता कायम गर्न जनस्वास्थ्य शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुको वि.पि.एच र एम.पि.एच विषयको न्यूनतम पूर्वाधार (Minimum Requirements for BPH / MPH) र जनस्वास्थ्य विषयमा नाम दर्ता भएका व्यवसायीहरुले पालना गर्नु पर्ने आचार संहिता (Code of Ethics for Public Health) तयार गरेर परिषदमा प्रस्तुत गरेको र सोही अनुसार नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन २०५३ को दफा ९(ख) को अधिनमा रही आचार संहिता र न्यूनतम पूर्वाधार स्वीकृत गरी लागु गरेको र यस क्रममा परिषदले सम्बन्धित विषयका विशेषज्ञहरुको संलग्नतामा गोष्ठी समेत संचालन गरेको थियो । यसरी परिषदले २०६१ साल जेष्ठ ३ गतेको वैठकबाट स्वीकृत गरिएको न्यूनतम पूर्वाधार (Minimum Requirements) र आचार संहिता (Code of Ethics) २०६१ सालको साउन महिना भित्र छापेर भाद्र १ गते बाट लागु हुने गरी तत्कालिन स्वास्थ्य राज्य मन्त्री डा. वंशीधर मिश्रको प्रमुख अतिथ्यमा लोकार्पण गरी सार्वजनिक गरिएको थियो ।

यिनै दस्तावेजमा उल्लेखित वुदाँहरुलाई आधार मानी तत्कालिन विषय समितिले नाम दर्ताको लागि सिफारिस गर्ने र परिषदले नाम दर्ताको प्रमाण पत्र सम्बन्धीत सबैलाई दिदैं आएको थियो । साथै त्रिभुवन विश्वविद्यालयबाट संचालित वि.पि.एच., एम.पि.एच., पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त वि.पि.एच. अध्यापन गर्ने कलेजहरु नेपाल इन्ष्टिच्यूट अफ हेल्थ साइन्स बौद्ध, नेपाल एशिएन कलेज, सातदोवाटो, होप इन्टरनेशनल कलेज, सातदोवाटो, नेपाल स्वास्थ्य विज्ञान प्रतिष्ठान, वत्तिसपुतली र कोशी हेल्थ साइन्स विराटनगर र वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (MPH) को निरिक्षण र मूल्याङ्कन गरी प्राप्त प्रतिवेदनको आधारमा परिषदले सहमती /मान्यता प्रदान गरेको थियो ।

२०६० सालमा गठित परिषदको अन्तिम बैठक २०६३ बैशाख १७ मा बसेको थियो यसपछि २०६३ साल असार मसान्तमा ४ जना निर्वाचित सदस्यहरुको म्याद पनि सकियो । जनआन्दोलनको सफलता पश्चात २०६३ को साउन २३ गते देखि लागु हुने गरी तत्कालिन संयुक्त सरकारले परिषदको अध्यक्षमा प्रा. डा. शिवकुमार राई

र रजिष्ट्रारमा शोभा गौतमलाई नियुक्त गरेको तर ४ जना निर्वाचित सदस्य र ३ जना स्वास्थ्य प्राविधिक संघको सिफारिशमा नेपाल सरकारबाट मनोनयन भई आउने सदस्यहरुको अभावमा गणपूरक संख्या नपुग्ने भएकोले करिव १ वर्ष दैनिक कार्य बाहेक परिषदको अन्य काम संचालन हुन सकेन ।

उक्त १ बर्षको अन्तराल पछि स्वास्थ्य प्राविधिक संघ (PAN) को सिफारिसमा स्वास्थ्य मन्त्रालयले मनोनयन गरी पठाएको सदस्यहरु र यस अघि देखि नै कायम रहेको पदेन अन्य सदस्यहरुको उपस्थितीमा गणपूरक संख्या पुगेको हुँदा हालको परिषदको पहिलो बैठक २०६४ साल भाद्र १० गते बसेको थियो । यसपछि २०६४ साल पौष २६ गते बसेको परिषदको बैठकले हालको यो जनस्वास्थ्य विषय समितिको गठन गरेको थियो । (समिति बनोटको विवरण यसै स्मारिका को यथास्थानमा उल्लेख गरिएको छ )

यस समितिको पहिलो वैठक मिति २०६४/८/१९ मा बसेको र सो वैठकमा दर्ता प्रमाण पत्र प्रदान गर्नको लागि फाइलहरु अध्ययन क्रममा केही जटिलता महशुस भएको हुँदा सो बारे छलफल गर्न विषय समिति कै मिति २०६४/१०/२० मा जनस्वास्थ्य विषयको विज्ञहरुलाई पनि आमन्त्रण गरी पुनः बैठक बसेको थियो । सो बैठकले शर्तहरु तर्जुमा गर्न विज्ञहरु सहितको एउटा कार्यशाला गोष्ठी संचालन गर्नुपर्ने सिफारिस परिषदलाई गरेको थियो । यसै सिफारिसलाई आधार मानी मिति २०६४/८/१९ को परिषदको वैठकले विषय समितिलाई जनस्वास्थ्य विषयको विज्ञहरुको Consultative Meeting राख्न निर्दिष्ट गरे बमोजिम २०६५ जेष्ठ १८ गते जनस्वास्थ्य विज्ञहरु तथा परिषदका सदस्यहरु लगायत विषय समिति सदस्यहरुको सहभागितामा बृहत छलफल गोष्ठी भएको थियो । सो गोष्ठीमा BPH र MPH को अध्यापन अवधी, अध्यापन विधि, भर्नाको न्यूनतम योग्यता, अध्ययनमा संलग्न हुने शिक्षकहरुको योग्यताका साथै महाविद्यालय वा कलेजले BPH र MPH मा भर्ना गरिने विद्यार्थी संख्या समेत निर्धारण गर्न सिफारिस गरेको थियो ।

उपरोक्त २०६५/२/१८ को गोष्ठीको सिफारिसलाई आधार मानी विषय समितिको मिति २०६५/३/२० को सिफारिसमा परिषदको २०६५/४/२९ मा बसेको १८२ औं वैठकले विद्यमान Minimum Requirements for BPH र MPH मा व्यवस्था गरिएको BPH मा ४० जना र MPH मा २० जना भर्ना गर्न सकिने निर्णय गरेको थियो । उपरोक्त विद्यार्थी संख्या बृद्धि अनुपातमा शैक्षिक संस्थाहरुले पुस्तकालय, शैक्षिक सामग्री, पाठ्यपुस्तक र अन्य भौतिक संरचना पनि मौजुदा Minimum Requirements मा थप गरिनु पर्ने प्रावधान राख्ने निर्णय गरिएको थियो । २०६१/५/१ मा प्रकाशित Minimum Requirements for MPH मा भर्ना शर्तको रुपमा रहेको शैक्षिक योग्यतामा Bachelor in Health Science लाई कायमै राखी अन्य विषयको स्नातक भएमा कम्तिमा ५ वर्षको स्वास्थ्य क्षेत्रमा काम गरेको अनुभव हुनु पर्ने व्यवस्था गरिने निर्णय भएको थियो ।

उपरोक्त निर्णयलाई आधार मानी जनस्वास्थ्य विषय समितिले नाम दर्ताको लागि निवेदन दिएकाहरु मध्येका केही फाईललाई स्वीकृतीको लागि परिषद समक्ष सिफारिस गरेको र साथै परिषदले BPH कोर्ष संचालन गर्न सहमती पाइसकेका उपरोक्त उल्लेखित संस्थाहरुको निरिक्षण गरी निरन्तरता दिने सिफारिस गरिएको थिया । BPH तथा MPH चलाउन निरन्तरता पाउनेमा त्रि.वि. चि.शा.अ.सं., महाराजगंज क्याम्पस पनि पर्दछ । यसको अतिरिक्त हालमा यो BPH कोर्ष संचालन गर्न पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त उपत्यका भित्र हिमाल, मनमोहन, कर्णाली, भ्याली, ओम, लिटिल बुद्ध, यती सहित ७ वटा संस्थाहरु र उपत्यका बाहिर चितवनमा २, वुटवलमा १ र राजविराजमा १ संस्थालाई सहमती प्रदान गरिएको छ । यसै गरी हालै पोखरा विश्वविद्यालय आफैले संचालन गरेको BPH कार्यक्रमको निरिक्षण र त्यसबाट सम्बन्धन प्राप्त २ वटा कलेजहरुको समेत निरिक्षण गरी भर्ना सहमती समेत दिई सकेको छ ।

MPH कक्षा संचालन गर्नलाई पूर्वाञ्चल विश्वविद्यालयले सम्बन्धन दिएका केही संस्थाहरुले MPH को प्रवेश परीक्षामा सामेल हुनलाई न्यूनतम आवश्यक योग्यताको विषयलाई लिएर BPH मा अध्ययनरत विभिन्न कलेजका विद्यार्थीहरुले संयूक्त स्वास्थ्य प्राविधिक विद्यार्थी संघर्ष समितिका नामबाट MPH मा भर्ना केवल Health Science Graduate

लाई मात्र राख्नु पर्छ भनी विरोध गरेको र सो विषयलाई लिएर परिषदमा तोडफोड गर्नुको साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा ज्ञापन पत्र दिएको थियो सो ज्ञापन पत्रको विषयलाई लिएर सुझाव पेश गर्न ६ वटा परिषदहरु, त्रि.वि., पूर्वाञ्चल विश्वविद्यालय र नेपाल जनस्वास्थ्य संघ एवं शिक्षा मन्त्रालयका प्रतिनिधी सहित स्वास्थ्य मन्त्रालयका श्री भुपेन्द्र बहादुर थापाज्यूको संयोजकत्वमा गठित छानविन समितिले छानविन पश्चात स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सुझाव सहितको प्रतिवेदन पेश गरेका थिए । सो सुझाव अनुसार २०६५ फागुन ४ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय र नेपाल स्वास्थ्य व्यवसायी परिषदको आयोजनामा संयूक्त स्वास्थ्य प्राविधिक विद्यार्थी संघर्ष समितिले पेश गरेको ज्ञापन पत्रका विषयमा छलफल गरी सुझाव पेश गर्न होटल मल्लमा संचालित गोष्ठीमा हालसम्म MPH कक्षा संचालन गरिरहेका त्रि.वि. चि.शा.अ.संस्थान र वि.पि. कोइराला इन्ष्टिच्यूट अफ हेल्थ साइन्स र परिषदले निर्धारण गरेका र पूर्वाञ्चल विश्वविद्यालयले प्रस्ताव गरेका MPH मा भर्नाको न्यूनतम योग्यताहरु सम्बन्धित संस्थाका जिम्मेवार प्राध्यापकहरुले प्रस्तुत गरेका थिए । उक्त गोष्ठीमा MPH Intake Criteria Bachelor in Health Health Science हुनुपर्छ भन्ने संयुक्त स्वास्थ्य प्राविधिक विद्यार्थी संघर्ष समितिका विद्यार्थी प्रतिनिधी र Bachelor in any decipline (Non Health Science) का प्रतिनिधी एवं जनस्वास्थ्य विज्ञहरुबाट आ-आफ्नो धारणा व्यक्त गर्नुको साथै प्रतिवेदनमा उल्लेख भएका सुझावहरु बारे छलफल भएको थियो । उक्त गोष्ठीमा मुख्यतः MPH Intake Criteria को सम्बन्धमा छलफल भएकोले MPH संचालन गर्ने वा सम्बन्धन दिने विश्वविद्यालयले हालको पाठ्यक्रम परिमार्जन गर्नु पर्ने र त्यसो गर्दा Health Science बाट र Non Health Science बाट अध्ययन गर्न सक्ने विषयहरुको किटान गरी त्यसको भर्ना शर्तहरु तोक्ने राय सहितको प्रतिवेदन स्वास्थ्य तथा जनस्वास्थ्य मन्त्रालयको सचिव ज्यूलाई बुझाएको थियो । यस सुझावलाई कार्यान्वयन गर्नको लागि त्रिभूवन विश्वविद्यालय, काठमाण्डौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयलाई शिक्षा मन्त्रालयले निर्देशन दिएको पत्रको बोधार्थ यस परिषदमा पनि प्राप्त भएको छ ।

यसरी संयुक्त स्वास्थ्य प्राविधिक विद्यार्थी संघर्ष समितिले परिषदमा दिएको माग पत्र, विरोध, तोडफोड र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा ज्ञापन पत्र दिए पश्चातको अन्यौल कायमै रहेकोले सो पश्चात यस जनस्वास्थ्य विषय समितिले हालसम्म कुनै व्यक्तिलाई जनस्वास्थ्य व्यवसायीको रुपमा नाम दर्ता गरी प्रमाण पत्र वितरण गर्न परिषदमा सिफारिस गरिएको छैन । सोही विषयको BPH उतिर्ण गरी नाम दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरुको नाम दर्ता सधा झै गर्ने परिषदको मिति २०६६/१/२७ को १९७ औं वैठकमा निर्णय भएकोले हाललाई सो विवाद समाधान नभएसम्म MPH अध्ययन गरेका व्यक्तिहरुको नाम दर्ता प्रकृया भने रोकिन गएको छ ।

## निदान विषय समिति

परिषदमा निदान विषयको नाम दर्ता गर्न सिफारिस गर्नको लागि पहिलो बैठक २०५६ साल असार ७ गते निदान विषय समितिको बैठक बसी दर्ता गर्न सिफारिश गरे अनुसार नेपाल स्वास्थ्य व्यवसायी परिषदको मिति २०५६/११/२९ बैठकबाट नाम दर्ता निर्णय गरे अनुसार यस विषयमा स्वास्थ्य व्यवसायीको रुपमा नाम दर्ता सम्बन्धी काम शुरु गरेको पाइन्छ । यसरी हेल्थ ल्याव प्रथम तहमा २९७ जना, द्वितीय तहमा ३९९ जना र तृतीय तहमा ४८४३ जना, मेडिकल माइक्रोबायोलोजी प्रथम तहमा ६ जना, मेडिकल बायोकेमेष्ट्री प्रथम तहमा २ जना, साइटोलोजी प्रथम तहमा २ जना, रेडियोग्राफी प्रथम, द्वितीय र तृतीय तहमा क्रमशः ४१ जना, १३९ जना र ४ जना, रेडियोथेरापी प्रथम, द्वितीय तहमा क्रमशः ४ जना र ९ जना गरी यस विषय समिति अन्तर्गत नाम दर्ता गरी स्थायी प्रमाण पत्र प्राप्त गरेका स्वास्थ्य व्यवसायीहरु हालसम्म ५७४६ जना रहेको छ ।

परिषदको वर्तमान अध्यक्ष प्रा. डा. शिवकुमार राईको नियुक्ति नेपाल सरकारबाट २०६३ साल साउनमा भएको भएता पनि निर्वाचित सदस्यहरुको म्याद सकिएको र PAN को सिफारिसमा सदस्यहरु नियुक्ती भएको अवस्थाले गर्दा करीव १३ महिना परिषद बैठक बस्न सकेन । तसर्थ

PAN को सिफारिसमा सदस्यहरु नियुक्ती भएपछि वर्तमान परिषदको पहिलो बैठक २०६४ साल भाद्र १० गते बसेको थियो । यसपछि २०६४ साल पौष २६ गते बसेको परिषदको बैठकले हालको यो निदान विषय समितिको गठन गरेको थियो । (समिति बनोटको विवरण यसै स्मारिका को यथास्थानमा उल्लेख गरिएको) यसरी गठन भएको यस समितिको पहिलो वैठक मिति २०६४/१०/२० मा बसी नाम दर्ताको लागि आवेदन गरीएका पहिला देखिका फाईलहरु अध्ययन गरी नाम दर्ताको लागि परिषद समक्ष सिफारिश भएको थियो ।

यही परिवेशमा विभिन्न विश्वविद्यालय र शिक्षण संस्थाहरुबाट न्यूनतम पूर्वाधारहरु पनि पुरा नगरी संचालीत कार्यक्रमहरुको पुग-अपुग बुदाँहरु प्रति सचेतकको रुपमा यो समितिले कार्य संचालन गरीरहेको छ ।

विभिन्न मितिमा यस विषय समितिले परिषदको निर्देशनमा Workshop हरु आयोजना गरी थोरै भएपनि नीति नियम तयार गरी सरोकारवाला समक्ष पुर्याउने काम गरीरहेको छ । विगतमा २०६५/३/३२ मा "Consultative workshop on medical laboratory technology and imaging technology, degree accreditation and licensing system" को आयोजना गर्यो जसले TSLC लगायतका विभिन्न शैक्षिक कार्यक्रममा देशको आवश्यक्ता अनुसार विद्यार्थी भर्ना संख्यामा बृद्धि, परिषदको दर्ता प्रकृयामा आवश्यक न्यूनतम नियमावली तयार गरी सोही अनुसार कार्यान्वयन गरीरहेको तर Master Degree को दर्ता प्रकृया शुरु गरी सकेको भएपनि सो को लागि आवश्यक पर्ने न्यूनतम पूर्वाधार तयारीको लागि कानुनी सल्लाह लिई सार्वजनिक गराउने कार्यहरु गरीरहेको छ । हाल आएर भारत लगायत विभिन्न देशहरुबाट विभिन्न शैक्षिक तहहरुको Curriculum हरुमा अनेकता देखिने गरी अध्ययन समाप्त गरी धेरै नेपाली विद्यार्थीहरु स्वदेश फर्केका देखिन आएका छन् । यस्ता खिचडी पाठ्यक्रम उतिर्ण गरी दर्ता प्रकृया पुरा हुन नसकी थन्किएर बसेका फाइलहरुको ठूलै चाङ्ग भइसकेको छ ।

०६५/६/१७ मा परिषदबाट "Meeting on HR Policy and Strategy on Diagnostic(Laboratory) Service, Public Health and General Medicine" को आयोजना भयो र सम्बन्धीत विषयका संयोजकहरुले कार्यपत्र तयार गरी प्रस्तुत गर्नु पर्ने भएकाले Diagnostic Service विषयमा विज्ञहरुले कार्यपत्र प्रस्तुत गरेका थिए । जसमा नेपालमा प्रयोगशाला विधाको ऐतिहासिक शुरुवात र विभिन्न विज्ञ व्यक्तिहरुको योगदान, सरकारी पक्षबाट देखाइएको चासो, निजी क्षेत्रबाट भएको शुरुवात, विगत देखि हालसम्म नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अर्न्तगत केन्द्रिय अस्पताल देखि PHC तह सम्मका यस विषय विधा सम्बन्धी विभिन्न तहका पदहरुको व्यवस्था, समय र आवश्यक्ता अनुरुप सुधारीकरण गर्न उक्त मन्त्रालयले गर्नु पर्ने पहलमा परिषदको भूमिका आदि कुराहरुलाई नजर राखी कार्यवाही अघि बढाउने सुझाव प्राप्त भयो । त्यसै गरी ०६५/९/४ र ५ मा यस परिषद र WHO को संयुक्त आयोजनामा "Workshop on Curriculum Review of Proficiency Certificate Level Health Laboratory imaging technology program in collaboration with CTEVT" आयोजना गर्‍यो । जसले विगत देखि हालसम्म चलिरहेको पाठ्यक्रममा समयानुसार शंसोधन गरीनु पर्ने कुरालाई महशुस गरी सोही अनुरुप नयाँ पाठ्यक्रममा नयाँ विषयहरु "First Aid, Communicable Diseases, Terminology of General Pathology, Instrumentation and Maintenance" आदि समावेश गर्नु पर्ने सुझाव सहित Workshop समापन भयो ।

CTEVT को संयोजनमा CTEVT कै सम्बन्धनमा PCL Health Lab र PCL Radiology कार्यक्रम संचालन गर्न लागेका विभिन्न शिक्षण संस्थाहरुको संयुक्त निरिक्षण CTEVT र यस परिषदको संयूक्त टोलीबाट विभिन्न मितिमा सम्पन्न गरीयो । तर CTEVT ले सम्बन्धन, स्वीकृती दिएका त्यस्ता निजी शिक्षण संस्थाहरु प्रति चासो राख्ने विभिन्न Association, Society र Student Association समेतले असन्तुष्टी जाहेर गरी निवेदन गरेको आधारमा CTEVT का पदाधिकारीहरु र परिषदका सदस्यहरु विचको यस परिषदमा बसेको संयुक्त बैठकबाट यस परिषदले पुन: निरिक्षण गर्ने भन्ने निर्णय भए बमोजिम यस परिषदले आफ्ना सदस्य लगायत विषय विज्ञहरुको टोली बनाई छोटो समयमा देशको विभिन्न भागमा रहेका

त्यस्ता शिक्षण संस्थाहरुको पुनः निरिक्षणबाट प्राप्त हुन आएको प्रतिवेदनहरु सिफारिसका लागि परिषद समक्ष पेश गर्‍यो । परिषदले पनि पेश भएको प्रतिवेदनहरु माथी बृहत छलफल गरी परिषदबाट भर्ना सहमती दिन योग्य शिक्षण संस्थाहरुको नामावली सार्वजनिक गर्ने निर्णय गर्‍यो ।

सानातिना समस्याले पनि ठुलै रुप लिई परिषदले झेल्नु परेको समस्या सम्बन्धमा सरोकार राख्ने विभिन्न सरकारी एवं गैह्र सरकारी संस्थाहरुले समस्याहरु मात्र ल्याउनुको साटो समाधानको उपाय समेत सुजाएमा त्यस्ता समस्याबाट परिषद, सरोकारवाला समूह समेत पार लाग्न सक्छ कि जस्तो लाग्दछ ।

विगत २०५३ साल भन्दा पनि पहिले यस पेशामा तालीम लिई अनवरत रुपमा यस स्वास्थ्य प्रयोगशाला र Radiology विधालाई अपनाई लोक सेवामा उतिर्ण गरी निजामति स्वास्थ्य सेवामा कार्यरत वर्गलाई पनि यस समितिले गरेको सिफारिसमा परिषदले दर्ता प्रयोजनमा समेट्न पाउँदा यस विषय समिति खुशी प्रकट गर्दछ ।

## आयुर्वेद विषय समिति

मिति २०५५/८/१८ मा गठन भएको यस आयुर्वेद विषय समितिको क्रियाकलाप बारे जानकारी दिनु पर्दा परिषदमा आयुर्वेद विषय अध्ययन गरेका आवेदकहरुको नाम दर्ता गर्न सिफारिस गर्नको लागि पहिलो बैठक २०५६ साल जेष्ठ २७ गते बसी उक्त विषयमा नाम दर्ता हुने स्वास्थ्य व्यवसायीको नाम दर्ता गर्न सिफारिश गरे अनुसार नेपाल स्वास्थ्य व्यवसायी परिषदको बैठकबाट नाम दर्ता निर्णय गरे अनुसार यस विषयमा स्वास्थ्य व्यवसायीको रुपमा नाम दर्ता सम्बन्धी काम शुरु गरेको पाईन्छ । यसै क्रममा आयुर्वेद विषयको प्रथम तहमा ४ जना, द्वितीय तहमा १९१ जना र तृतीय तहमा १०११ जना गरी यस विषय समिति अन्तर्गत नाम दर्ता गरी प्रमाण पत्र प्राप्त गरेका स्वास्थ्य व्यवसायीहरुको संख्या हाल सम्म १२०६ पुगेको छ ।

यस आयुर्वेद विषय समितिले नेपाल स्वास्थ्य व्यवसायी परिषदको निर्णयले अर्‍हाए बमोजिम आयुर्वेद शिक्षाको स्तरियता कायम गर्न आयुर्वेद शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुको आयुर्वेद स्वास्थ्य कार्यकर्ता विषयको न्यूनतम पूर्वाधार (Minimum Requirements for AAHW) र आयुर्वेद विसारद (कविराज) र आयुर्वेद स्वास्थ्य कार्यकर्ता (बैद्य) विषयको आचार संहिता (Code of Ethics) तयार गरेर परिषदमा प्रस्तुत गरेको र आयुर्वेद विषय अध्ययन गरेका आयुर्वेद चिकित्सकहरुको लागि नाम दर्ता प्रयोजनार्थ २०४५ साल मै नेपाल आयुर्वेद चिकित्सा परिषद स्थापना भई नाम दर्ता कार्य जारी रहेको थियो तापनि उक्त परिषदमा कविराज (द्वितीय तह) र बैद्य (तृतीय तह) को नाम दर्ता नभै सूचिकरण मात्रै हुने भएकाले उनिहरु यस परिषदमा नाम दर्ता गर्नका लागि पछि सम्म पनि आइरहेको देखिन्छ । हाल आएर उक्त परिषदको सक्रियता र आयुर्वेद स्वास्थ्य व्यवसायीहरुको एउटै परिषदमा नाम दर्ता गरी गोलबद्ध हुने सोचाई ले पनि हुनु पर्दछ, आयुर्वेद विषयको द्वितिय र तृतिय तहमा नाम दर्ताको लागि आवेदन गर्न आउने व्यक्तिहरुको संख्या घट्दो छ । आयुर्वेद शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरु पनि भर्ना सहमती /मान्यताका लागि यस परिषदमा सम्पर्क गर्न छोडेका कारणले यस आयुर्वेद विषयमा नाम दर्ता गर्न आउने व्यक्तिहरुको संख्या शुन्यमा झर्ने स्थिती श्रृजना भएको छ ।

## पुनः स्थापना विषय समिति

This Rehabilitation Subject Committee sets strategy for how the Council will deal with rehabilitation sciences matter. First time, NHPC has formed subject committee consisting of qualified professionals of this field. Working as a member of subject committee needs dedication, responsibility, sincerity to accomplish the work of the NHPC on time. The decision of the related subject is taken by NHPC on the basis of the subject committee suggestions. The present rehabilitation subject committee is comprised of members shown elsewhere.

Role of rehabilitation committee are as follows:

1. Go through all the files of rehabilitation sciences to check the certificates to ensure that they are true and correct in order to recommend for license registration

certificate for eligible candidates.

2. Monitor rehabilitation professionals ensuring the ethical practice and protect clients from malpractice.
3. Regulate and monitor academic institutions and provide suggestion to NHPC board that rehabilitation sciences school in the country meets the standard norm set by NHPC.
4. Monitor and supervise the implementation of code of ethics issued by NHPC.
5. The subject committee members are the experts of the field and they think to upgrade profession, develop professionalism and provide appropriate suggestion to the board of NHPC on policy making of rehabilitation sciences.
6. The subject committee helps in making code of ethics/ minimum requirements of academic institutions, hospitals based on the number of beds and specialty.
7. To provide expertise opinion to NHPC on any related issues.

Till date a total of 273 physiotherapy professionals of three different category have been registered in the council on the recommendation of this subject committee.

| Level | Permanent | Temporary | Total |
|---|---|---|---|
| A | 22 | 131 | 153 |
| B | 51 | 42 | 93 |
| C | 27 | 0 | 27 |
| Total | 100 | 173 | 273 |

Present committee has solved lots of pending issues in the related field. Also has been empowered by the council to develop/update the minimum requirement for the physiotherapy program running institutions and code of ethics for the professionsal. In future, this committee will work more hard and sincerely to accomplish the responsibility on time. This committee always welcomes suggestions and advice from all concerned. The Coordinator and whole subject committee expresses thank to all board members of NHPC for their support and love. The Coordinator of this committee also thank PAN who for recommending him as member of NHPC.

## विविध विषय समिति

उपरोक्त उल्लेख भएका ५ विषय समितिले नसेमेटेका स्वास्थ्य व्यवसायीहरुलाई विविध विषय समितिले व्यवस्थित गर्नु पर्ने दायित्व हो । प्रचलित शैक्षिक उपाधिहरु जस्तै : Public Health, HA, Radiography, Health Lab बाहेकका चिकित्सा विज्ञानको द्रुत प्रगति सगै विकसित भएका विशिष्टिकृत नया पाठ्यक्रमहरु जस्तै : Perfusion Technology, Naturopathy, Psychotherapy जस्ता विषयको उपाधि प्राप्त गरेका स्वास्थ्य व्यवसायीहरु र उनीहरुबाट प्रदान गरिने स्वास्थ्य सेवालाई हाम्रो देशको सन्दर्भमा कसरी व्यवस्थित गर्ने र त्यस्ता उपाधिहरुलाई परिषदले कसरी मान्यता दिने भन्ने सवालले थुप्रै मेहनत र थुप्रै चुनौतीहरु सामना गर्ने क्षमताको माग गर्दछ । यस भित्रका प्रतिनिधिमुलक चुनौतीहरु निम्न अनुसार महशुस भएको छ ।

१. नयाँ उपाधिहरुको मान्यता
२. व्यवसायिक आचार – संहिताको निर्माण
३. मूल्याङ्कन र पुनरावलोकन

नाम दर्ता प्रयोजनको लागि लागु गरिएको निर्देशिका अनुसार आफ्ना शैक्षिक प्रमाण पत्रहरु अध्ययन र अनुसन्धानका लागि पेश गर्नु पर्नेछ । पेश भएको उपाधि UGC/Council ले मान्यता दिएको हुनु पर्ने अनिवार्य शर्त हो । प्रचलित शैक्षिक योग्यताहरु भन्दा भिन्न र नयाँ उपाधि प्राय मुलुक बाहिरबाट आउने गरेको देखिएको छ । यस विषायमा सम्बन्धित विश्वविद्यालयको Curriculum/Prospectus को समग्र अध्यापन विषय विज्ञहरुको राय आवश्यक पर्दछ साथै त्रि.वि.वि. ले प्रदान गरेको समकक्षता अनिवार्य हुन्छ । परिषदले पाठ्यक्रमको

भारलाई पनि त्यतिकै महत्व दिएको छ ।

यसको अलावा Code of Ethics को निर्माण प्रमुख महत्वको विषय हो । यसबाट पेशाकर्मीहरुको व्यवसायिक सिमा निर्धारण गर्न, अनुगमन गर्न र पेशागत मर्यादा कायम गर्न सकिन्छ ।

नेपाल स्वास्थ्य व्यवसायी परिषद गठन हुनु अघि २ काउन्सिल मात्र थिए अहिले स्वास्थ्यमा ५ काउन्सिल गठन भएका छन् । यो स्वभाविक पनि छ कि फरक-फरक विशिष्टिकृत स्वास्थ्य व्यवसायीहरुको संख्यालाई बैज्ञानिक व्यवस्थापन र प्रभावकारी अनुगमन गर्न तत्सम्बन्धी काउन्सिल गठन हुन सक्छन र अरु नयाँ काउन्सिल बन्ने सम्भावनालाई पनि नकार्न सकिन्न । यदि यस्तो हो भने नेपाल स्वास्थ्य व्यवसायी परिषद निरन्तर विविध विषयहरुको परिषदको रुपमा स्वास्थ्य क्षेत्रलाई योगदान गरिरहनु पर्ने सम्भावना देखिन्छ ।

## नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन २०५३ र नियमावली २०५६ मा व्यवस्था भएका प्रावधानहरु :

१. ऐन को दफा २० अनुसार "यो ऐन प्रारम्भ भएको एक बर्ष पछि परिषदमा दर्तावाल स्वास्थ्य व्यवसायी बाहेक अन्य स्वास्थ्य व्यवसायीले प्रत्यक्ष वा अप्रत्यक्ष स्वास्थ्य व्यवसाय गर्नु गैह्र कानुनी हुन्छ"

२. ऐन को दफा २८ र नेपाल स्वास्थ्य व्यवसायी परिषद नियमावली २०५६ को नियम ३५ अनुसार नाम दर्ता नगरेकाले स्वास्थ्य व्यवसाय गरेमा दश हजार रुपैया सम्म र ऐनको अन्य दफा र नियमावलीको प्रावधान विपरित कार्य गरेमा पाँच हजार रुपैया सम्म जरिवाना हुने हुदाँ कसैले यस्तो गैह्र कानुनी कार्य नगर्न सूचित गरीन्छ ।

३. स्वास्थ्य सम्बन्धी सेवाग्राही महानुभावहरुले पनि स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्ने व्यक्ति परिषदमा नाम दर्ता गरेको व्यक्ति हो होइन यकिन गरेर मात्र सेवा लिन अनुरोध गरिन्छ ।

४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले पनि स्वास्थ्य व्यवसाय सम्बन्धी काममा परिषदमा नाम दर्ता गरेको स्वास्थ्य व्यवसायीलाई मात्र काममा सूचित गरीन्छ ।

५. यस परिषद मा नाम दर्ता हुने स्वास्थ्य व्यवसायी अध्यापन गराउने शिक्षण संस्थाले कार्यक्रम संचालन गर्नु पूर्व तोकिएको शुल्क र विवरण पेश गरी परिषदबाट निरिक्षण गराई कार्यक्रम संचालनको सहमती लिएर मात्र संचालन गर्नुको साथै प्रत्येक बर्ष परिषदबाट लागु गरेको Minimum Requirement अनुसार संचालन भए नभएको निरिक्षण गर्न निरिक्षण मूल्याङ्कन शुल्क, Self Appraisal/Study Report, विद्यार्थीको रजिष्ट्रेशन नम्वर सहितको विवरण पेश गर्नु पर्दछ ।

६. परिषदबाट भर्ना सहमती नलिई संचालन भएका शिक्षण संस्थाले संचालन गरेका कार्यक्रममा अध्ययन गर्ने व्यक्तिको नाम परिषदमा दर्ता नगरीने हुदाँ त्यस्ता संस्थामा अध्ययन नगर्न र नगराउनु हुन सम्बन्धीत सबैमा सूचित गरीन्छ ।

नेपाल स्वास्थ्य व्यवसायी परिषद ऐन २०५३ र नियमावली २०५६ ले नाम दर्ता सम्बन्धी व्यवस्था गरेकोले सोही ऐन नियमको परिधि भित्र रही तपसिलमा उल्लेख भए अनुसारको प्रकृया र कागजात दस्तुर लिएर नाम दर्ता सम्बन्धी कार्य गर्ने गरीएको छ ।